आज मिति २०८२/१०/०६ गते बिहान ८ बजे यस निस्दी गाउँपालिकाको १०० औं गाउँ कार्यपालिका बैठक यसै निस्दी गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षता तथा तपसिल अनुसारको उपस्थितिमा बैठक बसी देहाय अनुसारको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना

४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी

५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती

६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी

७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै

८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी

९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा

१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी

११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै

१२. कार्यपालिका सदस्य श्री मिम्श्री बयम्बु

१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी

१४. कार्यपालिका सदस्य श्री रिकलाल कामी

१५.कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.

१६.प्रमुख प्रशासकीय अधिकृत श्री पुर्ण बहादुर चितौरे

अन्य सहयोगी कर्मचारी १७. प्रशासन अधिकृत श्री अर्जुन खनाल

१८.लेखा अधिकृत श्री सरोज काफ्ले

**मिति २०८२। १०।०६ गते बसेको निस्दी गाउँपालिकाको १०० औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१ .गत कार्यपालिकाको निर्णय समिक्षा तथा रिपोटिङ्ग सम्बन्धमा ।

२. केम खाम्चा मार्गको प्रगति सम्वन्धमा ।

३. दुर्घटना राहत तथा सहयोग सम्वन्धमा ।

४. लेखापरीक्षक छनौट तथा नियुक्ति सम्बन्धमा ।

५. शोक प्रस्ताव पारित गर्ने सम्वन्धमा ।

**मिति २०८२।१०।०६ गते बसेको निस्दी गाउँपालिकाको १०० औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा गएको पाइयो । वडाका वडा अध्यक्ष ज्यू तथा कार्यपालिका सदस्य ज्यूहरुबाट पेश भएको, जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषय माथि छलफल तथा निर्णय गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको केम खाम्चा मार्ग स्तरोन्नती आयोजनाको प्रगित समिक्षा गरियो । निर्धारित समय तालिका अनुसार कार्य प्रगति नदेखिएकोले ताकेता गर्ने , थप कार्य प्रगितको लागि आवश्यक चेनेज सहितको पत्र सम्वन्धित निर्माण ब्यवसायीलाई दिन गाउँकार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा निस्दी गाउँपालिका कर्मचारी कल्याण कोष २०८२ को परिच्छेद -०३ (६) अनुसार यस निस्दी गाउँपालिकामा कार्यरत कर्मचारी श्री लाल बहादुर खन्गाहाको वायु उर्जा मर्मतको क्रममा असमायिक दुर्घटना भई निधन भएकोमा रु ५ लाख राहत र १८ बर्ष भन्दा कम उमेरको वालबच्चा २ जना भएकोमा वाल बच्चा भरण पोषण सहयोग रकम रु ५ लाख सम्वन्धित परिवारको खातामा जम्मा गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस निस्दी गाउँपालिका अन्तर्गतका विद्यालयहरुको गत आ.व.२०८१।०८२ को लेखापरीक्षण गर्न गाउँपालिकामा दर्ता भएका २६ लेखा परीक्षकहरु मध्ये सबै लेखा परीक्षणको लागि योग्य भएकाले गाउँ शिक्षा समितिको मिति २०८२।०९।२८ को निर्णय बमोजिम लेखा परीक्षकहरु छनौट गरी नियुक्ति दिने सर्वसम्मत निर्णय गरियो ।

५. प्रस्ताव नं ४ माथि छलफल गर्दा निस्दी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा कार्यालय सहयोगी पदमा कार्यरत कर्मचारी श्री लाल बहादुर खन्गाहाको निस्दी-०४ मित्याल स्थित वायु उर्जाको मर्मत गर्ने क्रममा असमायीक निधन भएकोमा हार्दिक श्रदान्जली सहित शोक प्रस्ताव पारित गरियो । मिति २०८२/१०/०६ गते गाउँ कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयमा १ दिन शोक बिदा दिने निर्णय गरियो ।